दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ७७ | बुटवल | २०८१ फागुन २८, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Mar. 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रचण्ड आज रूपन्देही आउँदै



बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विभिन्न कार्यक्रममा सहभागी हुन आज रूपन्देही आउँदैछन् । प्रचण्ड रुपन्देहीको ओमसतिया ६ मा जमुहानी पोखरा ताल पार्क शिलान्यास र बुटवलमा हुने मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको छैठौं राष्ट्रिय सम्मेलनको उद्घाटनलगायतका कार्यक्रममा सहभागी हुन रुपन्देही आउन लागेको माओवादी केन्द्र रुपन्देही संयोजक निर्मल जीसीले जानकारी दिए । बुटवल ट्राफिकचोकमा हुने सम्मेलन दिउँसो १ बजेपछि उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनलाई अध्यक्ष प्रचण्ड, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, पूर्वसभामूख ओनसरी घर्तीमगर, सुरेश आलेमगरलगायतले सम्बोधन गर्ने मोर्चाका प्रवक्ता जीवन प्रवेश रोकामगरले बताए ।

सम्मेलनलाई सफल पार्न नेकपा (माओवादी केन्द्र) बुटवल उप-महानगरपालिकाअन्तर्गतका सम्पूर्ण वडा कमिटीलाई निर्देशन जारी गरिएको पार्टीको बुटवल उप-महानगर अध्यक्ष महेन्द्र भूषालले जानकारी दिए ।

## समाजवादी मोर्चाले चैत १५ गते प्रदर्शन गर्ने

बुटवल । समाजवादी मोर्चाले गणतन्त्रको पक्षमा प्रदर्शन गर्ने भएको छ । आगामी चैत्र १५ गते काठमाडौंमा मोर्चाले शक्ति प्रदर्शन गर्ने कार्यक्रम आयोजना गरेको हो ।

मंगलबार बसेको समाजवादी मोर्चाको बैठकले यस्तो निर्णय लिएको विप्लव नेतृत्वको नेकपाका प्रवक्ता खड्कबहादुर विश्वकर्मा 'प्रकाण्ड' ले जानकारी दिए ।

यसअघि समाजवादी मोर्चाले चैत्र २४ गते प्रदर्शन गर्ने कार्यक्रम तय गरेको थियो । तर, पछिल्लो परिस्थितिलाई ध्यानमा राख्दै चैत १५ गते नै उक्त कार्यक्रम तय भएको उनले जानकारी दिए । 'चैत्र २४ गते ऐतिहासिक कार्यक्रम गर्ने सोचेको थियो । आगामी चैत्र १५ गते काठमाडौंमा गणतन्त्रको पक्ष र प्रतिगामी हर्कतको खिलापमा हजारौं जनताको विरोध प्रदर्शन गर्ने निर्णय भएको छ ।'- उनले भने ।

त्यसअघि आगामी चैत १ गते बिहान बुद्धिजीवि र नागरिक समाजसँग परामर्श र छलफलको कार्यक्रम तय भएको पनि उनले बताए ।

» बाँकी ३ पेजमा

# भैरहवा भन्सारबाट निर्यात व्यापार २४.७७ प्रतिशतले वृद्धि

**चालु आर्थिक वर्षको ७ महिनामा भारततर्फ ९ अर्ब ६६ करोडभन्दा बढी मूल्यका सामानभारत तथा तेस्रो मुलुकमा निकासी भएका छन् ।**

**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवा भन्सार कार्यालय, रुपन्देहीले चालु आर्थिक वर्ष २०८१-८२ को साउनदेखि माघसम्मको सात महिनामा ५३ अर्ब १७ करोड रुपैयाँ राजस्व संकलन गरेको छ । गत वर्षको सोही अवधिको तुलनामा यो १६.७७ प्रतिशत बढी हो । पछिल्लो समय रुपन्देहीको भैरहवा नाका हुँदै भारत तथा तेस्रो मुलुकमा हुने वैदेशिक व्यापारमा पनि वृद्धि भएको पाइएको छ । चालु आर्थिक वर्षको साउनदेखि माघ मसान्तसम्मको तथ्यांक हेर्दा यो नाका हुँदै निर्यात व्यापार २४.७७ प्रतिशतले वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ ।

भन्सार प्रमुख रामप्रसाद रेग्मीका अनुसार गत वर्षको यही अवधिमा ४५ अर्ब ५४ करोड रुपैयाँ राजस्व संकलन भएको थियो । तर, चालु वर्षको ७ महिनामा वार्षिक लक्ष्यको ४८.६४ प्रतिशत राजस्व असुली भएको छ भने मासिक लक्ष्य पनि औसतमा ८५ प्रतिशतमाथि छ ।

कार्यालयले चालु वर्षमा एक खर्ब नौ अर्ब ३३ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य पाएको छ । भन्सारका अनुसार यस नाकाबाट भित्रिने मुख्य १० वस्तुमा मोटरसाइकल, जीप, कार र भ्यान, पेट्रोल, मोबाइल, एमएस विलेट, टायल, डिजेल, मार्बल स्ल्याव, एलपी ग्यास छन् ।

चालु वर्षको सात महिनामा सबैभन्दा बढी राजस्व मोटरसाइकलबाट १० अर्ब पाँच करोड असुली भएको छ । त्यस्तै, इन्धनबाट चल्ने जीप, कार र भ्यानहरुबाट ५ अर्ब ७५ करोड रुपैयाँ, पेट्रोलबाट दुई अर्ब १५ करोड, विद्युतीय जीप, कार र भ्यानबाट एक अर्ब ३४ करोड, शुद्ध फलामबाट एक अर्ब ९५ करोड, इन्धनबाट चल्ने डबल पिकअप गाडीबाट एक अर्ब १७ करोड, सेलफोनबाट एक अर्ब ३ करोड, चकलेटबाट एक अर्ब ५२ लाख, एम.एस. विलेटबाट ८१ करोड ९२ लाख तथा टायलबाट ८१ करोड ३७ लाख रुपैयाँ राजस्व संकलन भएको भन्सार प्रमुख रेग्मीले जानकारी दिए ।

भैरहवा भन्सार कार्यालयका अनुसार गत वर्ष प्रशोधित तेल भारत निकासी भएको थिएन । तर, यस वर्षको ७ महिनामा भटमासको प्रशोधित तेल २ अर्ब ९ करोड ३९ लाख ७६ हजार रुपैयाँ तथा सूर्यमुखी प्रशोधित तेल ३२ करोड ७६ लाख १५ हजार रुपैयाँ बराबरको भारततर्फ निर्यात भएको छ । 'गत वर्ष प्रशोधित तेल भारत निर्यात शून्य थियो । भारत सरकारले रोक लगाएको थि यो । तर, यस वर्ष भने भारतले निर्यातमा सहजता अपनाएसँगै प्रशोधित तेलको निर्यात भारतमा भैरहेको छ ।'-भैरहवा भन्सार कार्यालय प्रमुख रामप्रसाद रेग्मीले भने ।




गत वर्षको तुलनामा चालु आर्थिक वर्षको ७ महिनामा भटमास तथा सूर्यमुखी प्रशोधित तेलको निर्यात भारतमा उच्च हुँदा वैदेशिक व्यापार बढेको हो । चालु वर्षको सात महिनामा भटमासको प्रशोधित तेल १ करोड ५ लाख ४७ हजार ३ सय ७६ लिटर तथा सूर्यमुखी प्रशोधित तेल १८ लाख १५ हजार ३ सय २३ लिटर निर्यात भएको छ । रूपन्देहीका २ तथा नवलपरासीको एक गरी ३ उद्योगले तेल निर्यात गर्दै आएका छन् ।

रूपन्देहीको मायादेवी गाउँपालिकामा रहेको सिद्धार्थ रिफाइनरी, रोहिणी गाउँपालिकामा रहेको सनसाइन फुड्स प्रालि र नवलपरासीको सिद्धिविनायक आयल्सले प्रशोधित तेल भारत निर्यात गर्दै आएका छन् । गत वर्षसम्म सबैभन्दा बढी भारत तथा तेस्रो मुलुकमा निर्यात हुने बस्तुमा सेन्थेटिक यार्न (धागो) रहेकोमा चालु वर्षमा भटमास र सूर्यमुखी को प्रशोधित तेल सबैभन्दा बढी हुने सूचीमा १ नम्बरमा छ ।

चालु आर्थिक वर्षको ७ महिनामा भारततर्फ ९ अर्ब ६६ करोड भन्दा बढी रुपैयाँ मूल्यका बिभिन्न सामानहरू भारत तथा तेस्रो मुलुकमा निकासी भएका छन् । अघिल्लो आर्थिक वर्षको यसै अवधि ७ अर्ब ७४ करोड रुपैयाँ मूल्य बराबरका विभिन्न सामान भारत तथा तेस्रो मुलुकमा भैरहवा नाका हुँदै निर्यात भएको थियो । 'गत वर्षको तुलनामा भारत एवं तेस्रो मुलुकमा निकासी वृद्धि भएको छ, तथ्याङ्कले पनि देखाएको छ, बस्तुहरू निकासी बढ्दो छ, यसले केही भए पनि ब्यापार घाटालाई घटाएको भन्सार छ ।'-भन्सार प्रमुख रेग्मीले भने ।

यो नाका हुँदै निकासी बढी हुने मुख्य साामनमा सेन्थेटिक यार्न, सिमेन्ट, क्लिन्कर, प्लाइउड, विभिन्न वनस्पति उत्पादन, पीना, अदुवा, सुठोलगायत जडिबुटी छन् । त्यसैगरी तयारी चाउचाउ, पास्ता तथा चोकर भुस, रोजिन टर्पेन्टाइन, पिभिसी फिटिङ पाइप, खोटो रोजिन, बियर, अल्कीड रेजीन र अन्य पिभिसी रेजीन, स्टिलका भाँडाकुँडा लगायतका बस्तु भारत तथा तेस्रो मुलुकमा निर्यात हुने गर्छन् ।

» बाँकी ३ पेजमा

# संसद बैठकमा नेताहरू राजावादीको शक्ति प्रदर्शनमा केन्द्रित

प्रधानमन्त्रीले व्यवस्था र संविधानकाविरुद्धमा आवाज उठ्न लागेको भन्दै आपत्ति जनाए भने प्रचण्डले सरकारको अविवेक र अकर्मण्यताका कारण जनतामा व्यवस्थाप्रति नै मोहभंग हुन थालेको बताए । कांग्रेस सांसद गगन थापाले सरकारले नागरिकको विश्वास आर्जन गर्न आवश्यक रहेको बताए भने राप्रपाका सांसद ध्रुवबहादुर प्रधानले भविष्यमा जनताले सदनमा नपस्ने व्यवस्था गर्नसक्ने कुराको हेक्का राख्न चेतावनी दिए ।









**लुम्बिनी संवाददाता**

*बुटवल*

मंगलबारको प्रतिनिधिसभा बैठक र प्रधानमन्त्रीले विशेष सम्बोधन गरेको कोशी प्रदेशसभा बैठक पूर्व राजा ज्ञानेन्द्र शाहको समर्थनमा राजावादीहरुले काठमाडौंमा गरेको शक्ति प्रदर्शनमा केन्द्रित भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले केही मान्छेहरूको स्वार्थको पछि देश लाग्न नसक्ने बताएका छन् ।

**व्यवस्था र संविधानका विरुद्धमा आवाज उठ्न थाल्यो : प्रधानमन्त्री**

मंगलबार कोशी प्रदेशसभालाई सम्बोधन गर्ने क्रममा उनले पछिल्लो समय व्यवस्था र संविधानका विरुद्धमा आवाज उठ्न लागेको भन्दै त्यसतर्फ आपत्ति जनाए । प्रधानमन्त्री ओलीले अहिलेको भन्दा राम्रो प्रणाली के हो ? भन्दै प्रश्न गरे ।

'अहिले व्यवस्था र संविधानका विरुद्धमा पनि केही आवाज उठ्न थालेको छ । स्पष्ट के हो भने, चाहियो के त ? योभन्दा राम्रो प्रणाली कुनै छ भने ठिक छ । योभन्दा राम्रो प्रणाली के हो ?,' प्रधानमन्त्री ओलीले भने-'एकाध मान्छेका स्वार्थहरूको पछाडि देश लाग्न सक्दैन । राम्रो प्रणालीका लागि संविधान र सरकार तयार छ । जनता तयार छन् ।'

त्यसका लागि शान्तिपूर्ण, संवैधानिक र लोकतान्त्रिक प्रणालीको बाटोमा सरकार रहेको जिकिर गरे । उनले अहिलेको प्रणाली नै नागरिक सर्वोच्चता भएको भन्दै अहिले सरकार समाजवादतर्फ उन्मुख भएको जिकिर गरे ।

**सरकारको क्रियाकलापले व्यवस्थाप्रति नै मोहभंग हुँदैछ : प्रचण्ड**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले वर्तमान सरकारको अविवेक र अकर्मण्यताका कारण जनतामा व्यवस्थाप्रति नै मोहभंग हुन थालेको बताएका छन् ।

संसद बैठकमासम्बोधन गर्दै उनले लामो संघर्षबाट प्राप्त उपलब्धिमाथि प्रतिगमन र प्रतिक्रान्तिको तरवार चलाउने सपना देखिएको भन्दै उनले चिन्ता व्यक्त गरे ।

प्रचण्डले भने-'सारा उपलब्धीलाई उल्टाउने कोशिस हुँदैछ । अब हामीले एकातिर सरकारका गलत क्रियाकलापका विरुद्ध र अर्कातिर प्रतिगामी चलखेलका विरुद्ध एकैसाथ जुध्नुपर्ने विशिष्ट अवस्था सिर्जना भएको छ । सरकारको अविवेक र खराब क्रियाकलापले व्यवस्थाप्रति नै मोहभंग भइरहेको छ । ८ महिना अघिसम्म यस्तो ठूलो असन्तोष थिएन । माइतीघर मण्डला पनि लगभग खाली हुँदै थियो । अहिले सबैतिर आन्दोलन छ ।'

प्रचण्डले प्रधानमन्त्री केपी शर्मा ओलीलाई हिजोका राजा महाराजाले जस्तो पुरै सडक खाली गराएर सवारी चलाउने सनक चढेको बताए । प्रचण्डले लोकतन्त्रले ओलीको जस्तो राजसी ठाँट स्वीकार गर्छ त भन्दै प्रश्न समेत गरेका हुन् ।

उनले सत्तारुढ पार्टीका कार्यकर्ताले वर्दिधारीलाई कुट्ने गर्दा लोकतन्त्रप्रति भरोसा राख्छ कि वितृष्णा भन्दै हेक्का राख्न आग्रह गरे । उनले सबै नेताहरु जनताको सघन निगरानीमा रहेको भन्दै पछिल्ला आठ महिनामा लोकतन्त्रलाई गंगा नदीजस्तो बनाइदिएको बताए ।

'एकअर्कालाई चोख्याएर नक्कली भुटानी शरणार्थी धुनुभयो, गंगामा । तर फोहोर भयो लोकतन्त्र । बालमन्दिर धुनुभयो, फोहोर थुप्रियो, त्रिविका काण्ड धुनुभयो तर मैलो लोकतन्त्रमा देखियो', प्रचण्डले भने-'हामी सबैले आत्मसमीक्षा गरेर जबाफदेही भएनौ भने आउने दिन झन् जटिल हुन्छ भनेको थिएँ ।'

उनले सरकारले यो गर्दैछ भन्ने सुने पनि सरकारको दुई तिहाइको घोडा सरकार र मन्त्रीले नचलाएको भन्दै त्यो घोडा बिचौलियाले चलाएका छन् ।

**सरकारले विश्वास आर्जन गर्न आवश्यक : गगन**

कांग्रेस महामन्त्री समेत रहेका सांसद गगन थापाले सरकारले नागरिकको विश्वास आर्जन गर्न आवश्यक रहेको बताएका हुन् ।

थापाले संविधान विपरीत हुने कुनै पनि षड्यन्त्रविरुद्ध सबै दल एक भएर अघि बढ्नुपर्ने बताएका छन् ।

» बाँकी ३ पेजमा

बुद्धभूमि नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुढ्ढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## कानुन निर्माण संसदको प्राथमिकता

संसद कानुन बनाउने थलो हो । कानुन बनाउने थलो कानुन निर्माणमा केन्द्रित हुनुको साटो भिनामसिना छलफल र बहसमा केन्द्रित भइरहेको छ । मुख्य काम छाडेर भिनामसिना विषयमा अल्भेर बाटो बिराएको बटुवाभैं हुनु अस्वभाविक छ ।

मुलुकमा संवैधानिक प्रबन्धअनुसार आवधिक चुनाव भइ राजनैतिक संघीयता स्थापित भएको सात वर्ष बितिसकेको छ । पहिलो कार्यकालको पाँच वर्ष सकिएपछि दोस्रो कार्यकालको आधा समय सकिए पनि संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुन नबन्दा संविधान कार्यान्वयनमा विलम्ब हुनुको साथै तहगत सरकारहरु कामकाजी बन्न नसक्दा व्यवस्थाप्रति नै प्रश्न उठ्ने अवस्था आएको छ । कतिपय नीतिगत सुधारका लागि सरकारले अध्यादेश ल्याएर काम गर्ने बाटो खोलेको छ । तर संसदको नियमित प्रक्रियाबाट बन्नुपर्ने कानुन छिटो बनाउन संसदको ध्यान जानुपर्छ ।

राजनैतिक नेतृत्वले अघि सारेको नीति, योजना र कार्यक्रमलाई कार्यान्वयन गर्ने कर्मचारी प्रशासनले हो । कर्मचारी प्रशासनको चुस्त परिचालनबाट नै सरकारले नतिजामुखी काम गर्न सक्छ । संघीय शासन प्रणाली अनुसार कर्मचारी प्रशासन चल्न संघीय निजामती ऐन नबन्दा कर्मचारी प्रशासन काम चलाउ ढंगले अघि बढेको छ । राजनैतिक नेतृत्व नभए पनि सरकार चलाउने कर्मचारी प्रशासनले हो । त्यसैले कर्मचारी प्रशासनलाई 'स्थायी सत्ता' भनिन्छ । 'स्थायी सत्ता' मानिने कर्मचारी प्रशासनलाई सहज ढंगले अघि बढ्न कानुनी प्रबन्ध गर्न सरकार चुकेको छ । संघीय निजामती ऐनको अभावमा प्रदेश सरकारले बनाएको प्रदेश निजामती ऐन निष्कृय भएको छ । स्थानीय सेवा ऐन बन्न सकेको छैन । निजामती ऐन नबन्दा कर्मचारी प्रशासनमा आएको समस्याबारे सरकार जानकार नभएको होइन् तर स्वार्थ समूहको दबाब र प्रभावले कानुन बन्ने प्रक्रियामा ढिलाइ भएको छ । सबै अवरोधलाई छिचोल्दै कानुन निर्माणमा पहलकदमी लिने काम सरकारको हो । प्रदेशको शान्ति सुरक्षाको सवाल प्रदेशको एकल अधिकारको सूचीमा रहेको विषय हो । प्रदेश सरकारलाई शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने प्रहरी समायोजन हुन सकेको छैन । निजामती सेवा विधेयक प्रतिनिधि सभामा दर्ता भए पनि प्रहरी विधेयक अघि बढ्न सकेको छैन । शिक्षा विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा अड्केको छ । गुठीसम्बन्धी विधेयक संसद्बाट फिर्ता भएको चार वर्ष भइसक्यो । पुनः संसद लैजाने सुरसार छैन । गुठीसम्बन्धी कानुन नबन्दा किसानले मोहियानी हक पाउन सकेका छैनन् । दाङमा गुठी पीडित किसान सडक आन्दोलनमा उत्रेको महिना नाघेको छ । शिक्षकहरु पनि अहिले आन्दोलनमा छन् । संघीयता कार्यान्वयनसँग सम्बन्धित ४० वटा कानुन बन्न बाँकी छन् । ती कानुन बनाउन संसद र सरकारबिच सहकार्य र समन्वयको खाँचो छ ।

संसदमा पुगेका विधेयक प्रक्रियागत ढंगले अघि बढाएर टुंगो लगाउने काम संसदको हो । कतिपय कानुनको मस्यौदा तयार गरेर संसद पठाउने काम सरकारको हो । संसदलाई कानुन निर्माणमा चलायमान बनाउन सहजीकरण सरकारले गर्न सक्छ, तर कानुन निर्माणमा संसदलाई डोऱ्याउने काम सभामुखले मात्रै गर्न सक्छन् । मुल मुद्दामा संसदलाई हिडाउन संसदभित्र रहेका दलहरुबिच सहमतिको वातावरण निर्माण पनि सभामुखले गर्न सक्छन् ।

# नेपालका शासकहरू जेलेन्स्कीबाट सिक



श्यामप्रसाद मैनाली

श्वमा शक्तिशाली राष्ट्रको रूपमा साम्यवादी धारलाई नेतृत्व गर्दै लामो समयसम्म सोभियत युनियन विश्व राजनीतिमा प्रभावी रह्यो । सन् १९९१ मा सोभियत संघ विघटन भई १२ राज्यमा विभक्त भयो । त्यसैमध्येको युक्रेन एक टुक्रा हो । सानासाना टुक्रामा सोभियत युनियन विभाजन भएपश्चात् रूस सबैभन्दा ठूलो र शक्तिसम्पन्न राष्ट्रको रूपमा रहन पुग्यो । रूसको विस्तारवादी नीतिका कारण युक्रेनलगायत अन्य राष्ट्रमा पनि रूसको वक्रदृष्टि रहन थाल्यो । युक्रेनमा सन् २०१४ मा नै आक्रमण गरी क्रिमिया क्षेत्र नियन्त्रणमा लियो । तत्पश्चात् त्यहाँका डोनेस्टक र लुहान्सक दुई क्षेत्रमा अधिकांश रूसीभाषी नागरिक रहेका थिए । उनीहरूलाई उक्साउँदै रूसले ती क्षेत्रहरूलाई छुट्टै राज्यको रूपमा कायम गर्ने उद्देश्यले रूसीभाषीहरूलाई पृथकतावादीका रूपमा स्थापित गराए । उनीहरूको आन्दोलन अघि बढ्यो । यी रूसीभाषीहरू आतंकवादी क्रियाकलापकै रूपमा पनि आफ्नो भूमिका निर्वाह गर्दै थिए । उनीहरूले यी दुई क्षेत्रहरूलाई पनि छुट्टै स्वतन्त्र राज्यका रूपमा घोषणा गरे । यसका पछाडि रूसको स्पष्ट समर्थन रहेको थियो । त्यसैले रूसले आफ्नो कठपुतली सरकार त्यहाँ बनाई रूसबाट मान्यता दिलायो ।

तर, अन्य राष्ट्र र विश्व संस्था संयुक्त राष्ट्र सघले यसलाई मान्यता दिएको छैन । युक्रेनले यी दुई क्षेत्रलाई आफ्नै राजनीतिक नक्सामा समेटेको छ । त्यसरी देशमा सच्चा राष्ट्रभक्त नेताको आवश्यकता खड्किराखेको थियो । त्यस समयका हास्य कलाकार भ्लोदिमिर जेलेन्सकी सन् २०१९ मा युक्रेनको राष्ट्रपतिमा भारी मतले विजय बने । तत्पश्चात् जेलेन्सकीलाई आफ्नो राष्ट्रको सार्वभौमसत्ताको संरक्षण गर्ने ठूलो चुनौती आइलाग्यो । यो उनको राष्ट्रप्रमुखको हैसियतले कर्तव्य पनि थियो । रूससँग एकल हिसाबले लडेर सुरक्षित रहन सक्ने अवस्था युक्रेनसँग थिएन । साम्यवादी शासन व्यवस्था सञ्चालन गरी आएका देशहरू युक्रेनसँग सम्बन्ध सुधार गरेर रूसको विपक्षमा सहयोग गर्न तयार थिएनन् । लोकतान्त्रिक शक्तिकै सहारा युक्रेनले लिनुपर्ने अवस्थामा जेलेन्सकी राष्ट्रपति बनेका हुन् । सहयोगको अपेक्षा गर्दै जाँदा जेलेन्सकी संयुक्त राज्य अमेरिका, नाटो र युरोपेली संघलगायतका पश्चिमा राष्ट्रहरूसँग नजिकिने अवस्था सिर्जना भयो । नाटोको सदस्य हुँदा त्यहाँ आबद्ध सबै सदस्य राष्ट्रको संरक्षण र सुरक्षा त्यही संस्थाले गर्नुपर्ने यसको विधान छ ।

त्यसैले युक्रेनका लागि नाटो सदस्यता लिएर आफ्नो भूभागको र सार्वभौमसत्ताको सुरक्षा गर्नु अनिवार्य भयो । जेलेन्सकीले नाटोको सदस्यताका लागि आग्रह गर्न लागे । यो आग्रह रूसका लागि अत्यन्त अस्वीकार्य बन्दै गयो । युक्रेनमाथि ठूलो दबाव पटकपटक रूसले दिन थाल्यो । युक्रेन आफ्नै क्षेत्रजस्तै व्यवहार गर्दै गयो । डोनेस्टक र लोहाम्स्कमा रहेका आफ्नै कठपुतलीहरूबाट युक्रेनलाई व्यवधान भइराखेकै थियो । क्रिमिया रूसले नै प्रत्यक्ष नियन्त्रणमा लिएको थियो । अब नाटोको सदस्यता नलिने घोषणा गर्दै रूससँग शरणागत हुन युक्रेनमाथि दबाब बढ्दै गयो । जेलेन्सकीसँग दुईवटा मात्र विकल्प थिए । पहिलो हो पश्चिमा राष्ट्रहरू संयुक्त राज्य अमेरिका र नाटोसँग संलग्न रही आफ्नो देशको सुरक्षा गर्नु । दोस्रो हो पुटिनसँग शरण परी बिस्तारै युक्रेनका सबै भू-भाग रूसमा गाभ्नु । देशको अस्तित्व नामेट बनाउनु । जनताको मताधिकार पाएर बनेको राष्ट्रपतिका लागि दोस्रो विकल्प स्वीकार्य हुन सक्दैन । जेलेन्सकी पहिलो विकल्पमा नै अडिग बनेका हुन् । यही अवस्थामा संयुक्त राज्य अमेरिकालगायतका पश्चिमा राष्ट्रहरूले रूसलाई युक्रेनमार्फत ठिक्क आकारमा राख्ने अवसर पाए । यही अवसरको सदुपयोग गर्ने निर्णयमा पुगे । रूसले सन् २०२२ मा युक्रेनमाथि आक्रमण सुरु गरेपश्चात् सातै दिनमा युक्रेनमाथि विजय हासिल गर्ने दिवास्वप्न पालेका थिए ।

तर, संयुक्त राज्य अमेरिकालगायतका राष्ट्रले युक्रेनलाई हातहतियार, सैन्य सहयोग, प्रशिक्षण, स्रोतसाधन र वित्तीय सहयोग सबै गरेकाले रूसलाई विजय हासिल गर्न युद्ध प्रारम्भ भएको तीन वर्षसम्म पनि सम्भव भएन । यो युद्ध कति लम्बिने हो ? कुनै निश्चित थिएन । किनकि माध्यम मात्र युक्रेन थियो । बिस्तारै संयुक्त राज्य अमेरिका र रूसको विरुद्धको लडाइँ चर्किएको थियो । दुवैतर्फ ठूलो धनजनको नोक्सानी भयो । विशेषगरी युक्रेनका संरचनाहरू तहसनहस बने । लडाइँ निरन्तर चलिराखेको समयमा संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपतिमा विजयी भए । उनी विजय भएपश्चात् अमेरिका फर्स्टको नीति अवलम्बन गर्ने एजेन्डा तय गरे । राजनीतिज्ञ र कूटनीतिज्ञका रूपमा उनले आफैंलाई प्रस्तुत गर्न सकेनन् । व्यापारी मात्रका रूपमा आफ्नो पहिचान बनाउँदै गए । त्यही क्रममा उनले युक्रेनलाई त्यहाँ रहेका खनिजहरूमध्ये ५० प्रतिशत अमेरिकालाई सुम्पन आदेश जारी गरे । ३ सय ५० बिलियन यूएस डलर लडाइँमा संयुक्त राज्य अमेरिकाले खर्चिएको आँकडा पेस गरे । ५ सय बिलियन डलर युक्रेनसँग फिर्ता मागे । यो अवस्थामा युक्रेन थिएन ।

युद्धले थिलथिलो भएको थियो । यो युद्ध अझैं टुंगिने अवस्था थिएन । युक्रेनको सुरक्षाको प्रत्याभूति गरिदिन आग्रह गर्दै खनिजहरू सबै ट्रम्पको पाउमा टक्र्याउन जेलेन्सकी तयार भए । उनीसँग अन्य कुनै विकल्प बाँकी रहेको थिएन । तर, ट्रम्पले युद्धविराम गर्न दबाब दिए । सुरक्षाको प्रत्याभूतिका 'दयगतमा स्पष्ट हुन चाहेनन् । खनिजसम्बन्धी सम्झौता गर्न ह्वाइट हाउसको ओभल हलमा जेलेन्स्कीलाई आमन्त्रण गरे । स्मरण रहोस्, ओभल हाउसमा प्रायः अत्यधिक प्राथमिकतामा परेकाहरूलाई मात्र संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले भेट दिने गर्छन् । सो भेटमा अत्यन्त उच्चस्तरको सम्मान र गुणस्तरयुक्त कूटनीतिक भाषाको प्रयोग हुन्छ । प्रायः राष्ट्रप्रमुखहरू यसरी भेट गरिरहँदा महत्वपूर्ण विषयमा छलफल गरिरहँदा प्रेसलाई प्रवेश पनि दिइँदैन । आमन्त्रण स्वीकार गर्दै जेलेन्सकी ओबल हाउसमा उपस्थिति भए । तर, उनलाई अत्यन्त तल्लो स्तरको व्यवहार संयुक्त राज्य अमेरिकाका राष्ट्रप्रति र उपराष्ट्रपति दुवैबाट भयो । यहाँसम्म कि सुट नलगाई मिटिङमा आएको विषय पनि मुद्दाजस्तै बन्यो । पत्रकारहरूलाई अगाडि राखेर पाठ बिराएर कडा गुरुको अगाडि उभिएको चेलोजस्तै गरी जेलेन्सकीलाई हुर्मत लिने काम भयो । विश्व जगत् यो परिघटनाबाट आश्चर्य भएको छ ।

ट्रम्पले दिएका निर्देशनअनुसार सबै कार्य गर्न तयार भएका बखत सम्पर्कमा आउन भन्दै ट्रम्पले ट्वीट गरेका छन् । यो ट्वीट पढेपछि पनि विक्षिप्त बनेका जेलेन्सकी खनिज सम्झौता गर्न तयार छन् । संयुक्त राज्य अमेरिकासँग पूर्ववत् सम्बन्ध यथावत् गर्न अनुनय-विनय गरिराखेका छन् । युरोपका अन्य राष्ट्रसँग पनि सहयोगको याचना गरिराखेका छन् । तर, संयुक्त राज्य अमेरिकाको सहयोगको अभावमा युक्रेनको सार्वभौमसत्ताको संरक्षण हुन सक्ने अवस्था छैन । यो स्थिति राम्ररी बुझेका राष्ट्रपति जेलेन्सकी ठूलो तनावमा देखिनुभएको छ । युक्रेनलाई अत्यधिक दोहन गर्ने व्यापारिक रणनीतिको सिकार जेलेन्सकी बनिराखेका छन् । राष्ट्रपति ट्रम्पले उनको सहयोगबाट मात्र युक्रेन बच्न सक्छ भन्ने बुझेकै छन् । त्यसैले जेलेन्सकीले सबै निर्देशन हुबहु पालना गर्नुपर्छ भन्ने मनोदशाबाट ट्रम्प अघि बढिराखेका छन् । कठिन युक्रेनलाई छ । राष्ट्रपति जेलेन्सकीलाई छ । शक्तिसम्पन्न राष्ट्रकोहरूको यो रवैया विश्व राजनीतिमा देखिँदै जाँदा कमजोर र साना राष्ट्रहरूको अस्तित्व रक्षाको प्रश्न जटिल बन्दै गएको छ । साना राष्ट्रहरूले सार्वभौमसत्ताको गौरव गर्न नसक्ने स्थिति बनिराखेको छ । यस अर्थमा विश्वका सबै साना र रणनीतिक एवं सामरिक हिसाबले महत्वपूर्ण देखिएका सबै राष्ट्र निसानामा पर्न सक्ने स्थिति छ । त्यसैले त्यस्ता देशका शासकहरु आजकै दिनबाट सतर्क रहँदा हुन्छ । नेपाल पनि सामरिक महत्वका दृष्टिले ठूला राष्ट्रहरूको नजरमा छ । त्यसैले गर्दा हामीले पनि आजकै दिनबाट आफ्ना वैदेशिक नीति कूटनीतिका 'दयगतमा गम्भीर हुनु आवश्यक छ । यही विषयमा यस आलेखलाई केन्द्रित गराउने प्रयास गरिएको छ ।

नेपालको इतिहास अध्ययन गर्दा लामो समयदेखि हाम्रो देशको सार्वभौमसत्तामाथि नै पटकपटक धावा बोलिएको थियो । अंग्रेजहरूसँग र चीनसँग पटकपटक नेपालले युद्ध गर्नुपरेको थियो । राणाहरूको शासनमा उनीहरूले इस्ट इन्डिया कम्पनीको जमेर दाबेदारी गरे । नेपाली जनतालाई दास बनाए । तानाशाहीतन्त्र चलाए । भारतमा रहेका नेपालका प्रजातन्त्रका सेनानीहरूले नेपालको स्वतन्त्रताका लागि मात्र नभई भारत स्वतन्त्र बनाउने अभियानमा पनि सहयोग गरेका थिए । भारत छोडो आन्दोलनमा नेपालका नेता बीपीलगायतकाहरूले सहयोग गरेका थिए । इस्ट इन्डिया कम्पनीका विरुद्ध छेडिएको सिपाही विद्रोहमा नेपालका राणाहरूले सैन्य सहयोग भारतलाई गरी निस्तेज बनाएका थिए । यसबाट राणाहरूसँग इस्ट इन्डिया कम्पनी अनुगृहीत बनेको थियो । तर, इस्ट इन्डिया कम्पनीलाई भारतबाट धपाउन सफल बनेकाहरू नेपालका राणाहरूको यो रवैयाबाट सन्तुष्ट थिएनन् । भारत स्वतन्त्र भएपश्चात् त्यो स्वतन्त्रताको असर नेपालमा पर्ने नै भयो ।

नेपालका राणाहरू सत्ताच्युत बने, नेपाल स्वतन्त्र भयो । यसमा छिमेकी देश भारतले नेपाललाई सहयोग गरेको थियो । तत्पश्चात् विभिन्न कालखण्डमा नेपाललाई उनीहरूकै इसारामा हिँड्न बाध्य पार्दै गए । नेपालका शासकहरू पनि उनीहरूकै इसारामा शासनसत्ता सञ्चालन गर्दै गए । नेपालका राजाहरू र प्रतिनिधिहरूलाई उपयोग गर्दै अघि बढ्ने नीति छिमेकी राष्ट्रहरूले तैनाथ गर्न थाले । भारतले मात्रै धेरैपटक अकारण नेपालमा नाकाबन्दी गरिदियो । केही नाकाबन्दीकै बीचमा तत्कालीन राजा स्वर्गीय वीरेन्द्रले ४५ सालमा भारतसमक्ष नझुकी वैकल्पिक उपायद्वारा जनतालाई सेवा सुविधा प्रदान गर्ने नीति अवलम्बन गरेकै कारण २०४६ सालको जनआन्दोलन सफल गराउन भारतबाट सहयोग मिलेको थियो । यसमा राजामा देखिएको राष्ट्रवाद र राष्ट्रियता नै प्रमुख कारण थियो । राजालाई आफूअनुकूल उपयोग गर्न नसकिने निष्कर्ष भारतले लिएकै कारण नेपालका निरपेक्ष राजा संवैधानिक राजामा परिणत भए । २०४६ सालपश्चात् नेपाली कांग्रेस नेपालको राजनीतिमा हावी हुँदै गयो । यो अवस्था देखिँदा नेपाली कांग्रेसलाई पनि आफूअनुकूल प्रयोग गर्न कठिन बन्ने अनुमानकै आधारमा नेपालमा माओवादी आतंककारीहरूलाई उक्साहट गरी देशलाई अस्तव्यस्त बनाउन सहयोग गऱ्यो । किनकि माओवादी आतंककारीका नेतागणहरूलाई भारतमै आश्रय मिलेको थियो । सबै प्रकारको सहयोग भारतबाट लिई नेपालमा आक्रमण गर्ने रणनीतिका साथ माओवादीहरू जंगल पसे । १० वर्षसम्म नेपालका संरचनाहरू तहसनहस बनाए । प्रायः गृहयुद्धको अवस्था बन्दै गयो ।

तत्पश्चात् तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिई देशको प्रधानमन्त्रीसमेत बने । यस समयमा पनि भारतले नेपालको राजतन्त्रलाई उपयोग गर्ने नीति लियो । तर, सम्भव भएन । त्यसैले नेपालमा राजतन्त्र समाप्त गर्ने नीति अवलम्बन गर्न पुग्यो । तत्कालीन प्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालालाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल नयाँ दिल्लीमा उनका समकक्षी स्वर्गीय मनमोहन सिंहले भव्य स्वागत गरे । स्मरण रहोस्, कुनै समय गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा राज्यमन्त्रीस्तरबाट विमानस्थलमा स्वागत पनि हुने गरेको थियो । नेपाली कांग्रेसको भोट बैंक तराई हो । तराईका नेताहरूलाई मधेशी आन्दोलन गर्न लगाई छुट्टै दल खोलेर राजनीति गर्न भारतले नै उक्साएको हो । यसबाट नेपाली कांग्रेसको संसद्मा उपस्थिति कमजोर बन्ने अवस्था सिर्जना भयो । मधेशवादी आन्दोलनकै उपजका रूपमा नेपालमा संघीय शासन प्रणालीलाई स्वीकार गर्न बाध्य बनाइयो । देश गणतन्त्र बन्यो । पश्चिमा शक्तिहरूको स्वार्थका कारण ९१ प्रतिशत हिन्दू रहेको देश नेपाल विश्वमा एक मात्र हिन्दू राष्ट्र नेपाल भएको अवस्थालाई धर्मनिरपेक्ष राष्ट्र बनाइयो । देशको अवस्था १० प्रतिशत विकास खर्च गरेर आर्थिक समुन्नतिको दिशामा अघि बढ्नुपरेको छ । यस अवस्थामा नेपालका नेताहरूले गम्भीरतापूर्वक राजनीतिक प्रणालीलाई अवलम्बन गर्नेतर्फ चिन्तन-मनन गर्न सकेनन् । नेपालको अपार प्राकृतिक स्रोतसाधनप्रति विदेशीहरू आकर्षित भएका छन् ।

दोहन गरिराखेका छन् अझ गर्दै छन् । यी सबै स्वार्थ जोबाट पूरा हुन्छ, उसैलाई शासन गर्न अनुकूल वातावरण बनाइदिने गरेका छन् । अमेरिकन र चिनियाँ स्वार्थ पनि यस देशमा रहेको छ । अपार जलस्रोतका कारण पनि छिमेकीहरू नेपालबाट लाभान्वित हुन खोजिराखेकै छन् । लाभ लिई पनि राखेका छन् । देश सानै भए पनि चीनलाई उसका विरुद्ध चलखेल गर्ने भूमि नेपाल बन्ने हो कि भन्ने चिन्ता छ । भारतले नेपालको हिमाललाई नै आफ्नो सुरक्षारेखा मान्दै आएको छ । ब्रिटिसहरूले हाम्रो टिस्टा र काँगडासम्म फैलिएको क्षेत्र छिनेर सानो आकारको नेपाल बनाइदिएका छन् । विश्व राजनीतिमा देखिएका घटनाक्रमहरूमा नेपालको साथ र सहयोग विभिन्न समूहमा आबद्ध रहेका शक्तिसम्पन्न राष्ट्रहरूले अपेक्षा गरिराखेका छन् । आफ्नो स्वार्थ सिद्ध गर्नका लागि नेपालको उपयोग जोकोहीले जतिखेर पनि गर्न सक्ने रणनीति अवलम्बन गर्छन्, गरिराखेका छन् । यस स्थितिमा नेपालले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीति पनि अलमलमा छ ।

वैदेशिक नीतिका सम्बन्धमा नेपाल स्पष्ट हुन सकेको छैन । युक्रेनमा रूसले आक्रमण गरेपश्चात् विश्व जनमत २ धारमा परिणत हुने अवस्था बन्यो । संयुक्त राष्ट्र संघले भर्त्सना प्रस्ताव रूसकाविरुद्ध राख्दा विभिन्न राष्ट्रले पक्ष र विपक्षमा मतदान गरे । सानो राष्ट्रको सार्वभौम सत्ताको संरक्षण र सुरक्षाका लागि नेपालले यो प्रस्तावको पक्षमा मतदान गरेको थियो । तर, एसियामा नै हर दृष्टिकोणबाट शक्तिसम्पन्न देखिँदै गएको चीन र भारत दुवै यस परिघटनामा तटस्थ बसे । नेपाल तटस्थ रहेन । यसले हामीलाई कति सहयोग पुग्ने हो वा प्रतुत्पादक बन्ने हो भविष्यले नै निर्धारण गर्नेछ । यस्ता विषयहरूमा कूटनीतिक परिपक्वता हामीसँग नभएको अनुमान यस क्षेत्रका विज्ञहरू गरिराखेका छन् ।

तसर्थ नेपालका शासकहरूले देशमा कुशासन भित्र्याएर देशलाई कमजोर बनाएका छन् । आफैं जनताका नजरमा सुपाच्य देखिएका छैनन् । जनताको असन्तुष्टि बढिराखेको छ । भ्रष्टाचार देशमा व्याप्त छ । स्वार्थ गाँसिएका विषयहरूमा निर्णय लिने त्यस्ता जिम्मेवारीमा बस्न रमाउने खोजीखोजी यस्तै जिम्मेवारीहरू प्रदान गर्ने कामले अव्यस्तता पाइराखेको छ । एफएटीएफले देशलाई ग्रे लिस्टमा सूचीकृत गरिसकेको छ । यो सबै अवस्था विद्यमान हुनु भनेको देश र शासकहरूसमेत कमजोर बन्नु हो । यस अवस्थामा राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा आफूलाई खरो रूपमा प्रस्तुत गर्ने सत्प्रयास राजनीतिक दलहरूबाट र शासकहरूबाट हुनुपर्ने हो । सोको अनुभूति हुन सकेको छैन ।

त्यसैले देशका शासनसत्तामा नेतृत्व गर्नेहरूले देशको परराष्ट्र नीति अवलम्बन गर्दा अत्यन्त गम्भीर हुनुपर्ने परिस्थिति छ । अन्यथा हामी पनि जेलेन्सकीकै जस्तो अवस्थाबाट गुज्रिनुपर्ने स्थिति बन्न सक्छ । अब संयुक्त राज्य अमेरिकालाई युक्रेनको दोहन गर्न अत्यन्त सहज अवस्था बनेको छ । त्यहाँका सबै स्रोतसाधनले अन्यत्र देशको प्रवेश आज्ञा पाइसकेका छन् । यस अवस्थाबाट नेपाललाई बचाउन नेपालका शासकहरू समयमै सचेत छन् । युक्रेनको घटना र नेपालको राजनीतिक इतिहासबाट नेपाली शासकहरूले पाठ सिक्नुपर्छ । युक्रेन बाध्यतावश सकिँदै छ । हामी ढंग नपु-याएर शासकीय शैलीलाई कलाबिनाको नाटकसरह मञ्चन गर्दै पछुताउने परिस्थिति नबनोस्, शुभकामना !

राजधानीबाट

## नेप्से परिसूचकमा ३२ अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ३२ दशमलव २१ अङ्कले घटेको छ । पुँजीबजार कारोबार पछिल्लो सात दिनमा लगातार घट्दो क्रममा देखिएको हो । नेप्से परिसूचकमा एक दशमलव १७ प्रतिशतको गिरावट पछि दुई हजार सात सय १९ दशमलव २० को बिन्दुमा कायम भएको छ ।

तीन सय तीन कम्पनीको एक करोड ५५ लाख ५९ हजार छ सय ८३ कित्ता शेयर ९२ हजार ३१ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३९ करोड ११ लाख ४९ हजार बराबरको कारोबार भएको छ ।

विकास बैङ्क समूह एक दशमलव ९३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७१, वित्त एक दशमलव ५७, होटल तथा पर्यटन एक दशमलव १३, जलविद्युत् एक दशमलव ५१, लगानी एक दशमलव ८९ र जीवन बीमा समूह एक दशमलव ३० प्रतिशतले घटेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ४९, लघुवित्त शून्य दशमलव ८९, म्युचुअल फन्ड शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ९९, व्यापार समूह एक दशमलव ७९ र अन्य समूह एक दशमलव ६८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ५८ करोड ६५ लाख १७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै महालक्ष्मी विकास बैङ्क लिमिटेडको नौ लाख ९१ हजार चार सय ४४ कित्ता शेयर किनबेच भएको छ ।

## बालबालिकालाई पिसाब संक्रमण हुन नदिन के गर्ने ?

बालबालिकालाई ज्वरो आउने बित्तिकै क्लिनिकमा गएर औषधि खुवाउनु हुँदैन । किनभने, ज्वरोको एउटा कारण पिसाब संक्रमण पनि हुन सक्छ भन्ने कुरामा अविभावकले हेक्का राख्नु जरुरी छ ।

चिकित्सकको सल्लाहअनुसार पिसाबको जाँच गराउनुपर्छ । जाँचमा संक्रमण देखिएको अवस्थामा रोगअनुसार औषधि र उपचार सुरु गर्न सकिन्छ ।

एक पटक पिसाब संक्रमण भइसकेका बालबालिकालाई पुनः संक्रमण हुने जोखिम ३० प्रतिशतले बढेको हुन्छ । त्यसैले पुनः संक्रमण हुन नदिन प्रशस्त पानी पिउने, पिसाब नरोक्ने, कब्जियत हुन नदिने, सन्तुलित खाना दिने, पिसाब फेरिसकेपछि योनीलाई राम्रोसँग सफा गर्ने, दैनिक भित्री वस्त्र परिवर्तन गर्नुपर्छ । सकेसम्म भित्री वस्त्र प्रयोग गर्दा कटनको कपडा प्रयोग गर्नु उपयुक्त हुन्छ ।

बालबालिकाको दिसा सफा गर्दा धेरै अविभावकले गल्ती गरिरहेका हुन्छन् । अधिकांश अविभावकले पछाडिबाट अगाडि दिसा सफा गर्छन् ।

यसो गर्दा दिसाहरू पिसाब फेर्ने भागमा जान्छ र संक्रमण हुने सम्भावना बढ्छ । त्यसैले अगाडिबाट पछाडितर्फ दिसा सफा गर्नु उपयुक्त हुन्छ ।

बालकहरूको पनि पिसाब फेरिसकेपछि लिंगको छाला माथि तानेर सफा गर्नु उत्तम विकल्प हो ।

पिसाबको जाँच गर्ने क्रममा स्वास्थ्यकर्मी पनि उत्तिकै चनाखो हुनु जरुरी छ । पिसाबको जाँच गर्दा नमुना संकलनका लागि ध्यान पुऱ्याउनु आवश्यक छ ।

साबुन पानीले एक पटक पिसाब फेर्ने भाग सफा गर्नुपर्छ । ट्वाइलेट ट्रेन बच्चा भए एकपटक पिसाब फेरेपछि बिचको पिसाब संकलन गर्नु आवश्यक छ । संकलन गरिएको पिसाब एक घण्टाभित्र प्रयोगशालामा पुऱ्याउनुपर्छ । संकलन गरिएको पिसाब समयमै प्रयोगशालामा पुऱ्याउन सकिएन भने किटाणुको विकास हुन सक्छ ।

बालबालिकामा लगातार पिसाबको संक्रमण भइरहे बाल मिर्गौला रोग सम्बन्धी विशेषज्ञलाई देखाउनु उपयुक्त हुन्छ । बिरामीको अवस्थाअनुसार विशेषज्ञले दिएको सुझावका आधारमा उपचार सुरु गरे पिसाब संक्रमण रोक्न सकिन्छ । स्वास्थ्य खबरबाट



**तरकारी खरिद गर्दै उपभोक्ता:**

दाङको घोराही उप-महानगरपालिका-१५, अमृतटोलस्थित कृषि उपज बिक्री केन्द्रमा मङ्गलबार बिहान ताजा तरकारी खरिद गर्दै उपभोक्ता। उप-महानगरपालिकाले सञ्चालन गरेको कृषि उपज बिक्री केन्द्रमा किसानले हरेक दिन रु १० तिरेर बिक्रीका लागि तरकारी राख्ने गर्छन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# मुर्रा राँगाः नस्ल सुधार कार्यक्रम सफल



बाँके। पशुपालनका माध्यमबाट किसानको जीनस्तर उकास्ने उद्देश्यले सरकारले अघि बढाएको नश्ल सुधार कार्यक्रमअन्तर्गत मुर्रा राँगाको वीर्य परीक्षण सफल भएको छ। खजुरा गाउँपालिका-२ एल गाउँ निवासी किसान बमराज रेग्मीको भैँसीले भारतबाट ल्याइएको मुर्रा राँगाको वीर्यबाट पहिलो पाडो जन्माएको छ।

राष्ट्रिय पशु प्रजनन कार्यालय नेपालगञ्ज गौघाटबाट मुर्रा राँगाको वीर्य खरिद गरी कृत्रिम गर्भाधान गराएको भैँसीले एक महिनाअघि गत माघ २६ गते राती पाडो जन्माएको किसान रेग्मीले जानकारी दिए। योसँगै उनले मुर्रा राँगाको वीर्य परीक्षण सफल भएको तथा उन्नत जातका पाडापाडी उत्पादनबाट भविष्यमा पशुपालनलाई आधुनिकीकरणतर्फ उन्मुख गराउन सहज हुने बताए।

“भैँसीमा गर्भ नरोकिने समस्या देखिएको थियो, त्यही बेला राष्ट्रिय पशु प्रजनन् कार्यालयमा मुर्रा राँगा आएकाले प्रयास गरेको सफल भयो”, रेग्मीले भने-“स्वस्थ पाडो जन्मिएको छ, भैँसीले दूध पनि राम्रै दिएको छ।” मुर्रा राँगाको वीर्यबाट जन्मिएको उन्नत जातको पाडोलाई हुर्काएर गाउँका अन्य भैँसीमा नस्ल सुधारमा प्रयोग गर्ने सोच बनाएको किसान रेग्मीको भनाइ छ।

राष्ट्रिय पशु प्रजनन कार्यालय नेपालगञ्ज गौघाटले भारत सरकारले अनुदानमा दिएको उन्नत जातको मुर्रा राँगाबाट गत वर्षदेखि वीर्य सङ्कलन सुरु गरि किसानलाई बिक्री वितरण गर्दै आएको कार्यालय प्रमुख पशु विकास अधिकृत डा. खिमानन्द खनालले जानकारी दिए।

उनका अनुसार गत वर्ष मङ्सिर ६ गते नेपालगञ्ज ल्याइएका ती राँगा ७ गते राष्ट्रिय पशु प्रजनन् कार्यालय गौघाट ल्याइएका थिए। नेपाल ल्याइएका १५ मुर्रा राँगामध्ये नेपालगञ्ज कार्यालयमा तीन राँगा राखिएका छन्। गौघाटमा राखिएका तीन राँगामध्ये दुईबाट वीर्य उत्पादन गरी सङ्कलन तथा किसानलाई वितरणको काम गरिएको छ।

खजुरामा मुर्रा राँगाको वीर्यबाट जन्मिएको पाडोलाई ५० प्रतिशत मुर्रा जातको प्रमाणपत्र दिन सकिने राष्ट्रिय पशु प्रजनन् कार्यालय गौघाटका पशु सेवा प्राविधिक देवनारायण जैसीले जानकारी दिए।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को भारत भ्रमणका क्रममा भारतले नेपाललाई नश्ल सुधार कार्यक्रमका लागि उपहार स्वरुप मुर्रा राँगा प्रदान गरेको थियो।

# किसान आलु थन्क्याउन व्यस्त

रामपुर। खेतबारीमा किसानहरु आलु खन्ने काममा व्यस्त छन्। आलु खन्ने र उत्पादित आलु घरघरमा थन्क्याउने कार्य भइरहेका छन्। व्यावसायिक उत्पादनका लागि आलु लगाएका किसानले खेताला लगाएर आलु खन्ने काम गरिरहेका छन्।

एकै पटक आलु उत्पादन भएपछि दिनभर खेताला लगाएर आलु खन्ने कार्य भएको पाल्पा रामपुरका युवा सुशील ढुङ्गाना बताउँछन्। उनले रामपुर-५ सानीअमराई बहखोला खेतमा करिब आठ रोपनी खेतमा आलु लगाएका छन्।

“शनिबार र आइतबार दुई दिनसम्म १६/१७ जनाले आलु खन्ने काम भएको छ”, उनले भने-“एकै पटक उत्पादन हुने हुनाले परिवारले मात्रै खनेर नसकिने भएपछि खेताला खोजेर आलु खनिएको छ।” उनले यस पटक चार क्विन्टल आलु लगाएका छन्। उनी उत्पादन राम्रै भएकाले आलुखेतीबाट उत्साहित छन्। यो वर्ष करिब ५० क्विन्टल आलु उत्पादन हुने उनको अनुमान छ। रामपुर बेफाड बजारमा व्यवसाय सञ्चालन गरेका ढुङ्गानाले घरमा कृषि कार्यमा जोड दिँदै आएका छन्। शनिबार पसल बन्दको समय पारेर खेताला खोजेर आलु खन्न सुरु गरेको उनले बताए।

“आलु खन्ने काम भएको छ, फल राम्रो लागेकाले उत्पादन राम्रो छ, खेतमा दिनभर खेतालाबाट आलु खन्ने र साँझमा घरमा थन्क्याउने कार्यले एउटा आलु उत्सवजस्तै लागेको छ, घरका कोठाहरु अहिले आलुले भरिएका छन्, यो देख्दा रमाइलो लागेको छ, पसलमा काम नभएको समयलाई सदुपयोग गर्दै घरमा कृषि कार्य तथा पशुबस्तुको स्याहारमा व्यस्त हुन्छु, फुर्सदको समय मैले खेर फालेको छैन।”-उनले भने।

उनले खुमलटार रातो जातको आलु लगाएका छन्। बाउबाजेको पालादेखि नै आलुखेती गर्दै आएको उनले बताए। पहिलापहिला घरायसी प्रयोजनका लागि मात्रै आलु लगाउने गर्दथे। हिजोआज भने बिक्रीका लागि उन्नत जातका आलु लगाउन थालेका छन्। रामपुर नगरपालिकाले शीतभण्डार निर्माण गरेपछि उनले व्यावसायिक उत्पादनमा जोड दिएका छन्। भण्डारण गर्न अन्यत्र लैजानु नपर्ने, आफ्नै गाउँ ठाउँमा भण्डारणको राम्रो सुविधा भएपछि व्यावसायिक ढङ्गबाट खेती गर्न थालेको ढुङ्गानाले बताए।

आलु खनेर सकेपछि शीतभण्डारणमा राख्ने र पछि बेमौसमीयाममा महँगो मूल्यमा बिक्री गर्ने लक्ष्यसहित योजनाबद्ध तरिकाले आलु लगाउने गरेको उनको भनाइ छ। अहिले सबैका घरघरमा आलु उत्पादन हुने हुँदा कम मूल्यमा आलु बिक्री गर्नुभन्दा बेमौसमी समयमा बिक्री गर्दा धेरै मूल्य पाइने भएपछि घरमा उत्पादन भएका सबै आलु शीतभण्डारणमा किसानले राख्ने गरेका छन्।

यहाँका किसानलाई शीतभण्डारणको सुविधाले आलु भण्डारणका लागि अन्यत्र लैजानुपर्ने समस्या टरेको छ। पछिल्लो समय किसानले आलु उत्पादनमा जोड दिन थालेका छन्। रामपुर नगरपालिकाले स्थानीय उत्पादनलाई सुरक्षित साथ भण्डारण गरेर राख्नका लागि तीन सय मेट्रिक टन क्षमताको सुविधा सम्पन्न शीतभण्डारण तयार पारेर सञ्चालनमा ल्याएको छ।

रामपुर-६ स्थित कौवा बस्ने सीता देवकोटाले शीतभण्डारणमा आलु राख्ने तयारी गरिरहेकी छिन्। उनले आलु खनेर सकेपछि घरमा ग्रेडिङ गरेर भण्डारणका लागि शीतभण्डारणमा राख्न आलु तयार पारेर राखेकी छिन्। रामपुर नगरपालिकाका किसानले आलुखेतीलाई व्यावसायिक खेतीमा जोड दिँदै आएका छन्। जिल्लाकै आलु उत्पादनका लागि राम्रो पकेट क्षेत्र रहेको हुँदा आलुबाट राम्रो आयआर्जन गर्न किसान सफल बनेका छन्।

रामपुर नगरपालिका कार्यालय तथा वडा कार्यालयले अनुदान उन्नत जातका बीउ उपलब्ध, किसानलाई खेतबारीमै प्राविधिक सेवा, शीतभण्डारणको सुविधाजस्ता विविध कार्यक्रम सञ्चालन गरेपछि पछिल्लो समय यहाँका किसान आलुखेतीमा हौसिएका छन्।

# कालीगण्डकी करिडोरको बागलुङ खण्डमा दश किलोमिटर कालोपत्र



ढोरपाटन। राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको बागलुङ खण्डमा १० किलोमिटर सडक कालोपत्र गरिएको छ।

गुल्मी र बागलुङको सिमाना पालुङखोलादेखि बलेवासम्म पहिलो र बलेवादेखि मालढुङ्गासम्म दोस्रो गरी दुई खण्डमा ठेक्का लगाएर धमाधम काम भइरहेको छ। पालुङखोलादेखि बलेवासम्मको पहिलो खण्डमा पर्ने २४ किलोमिटर कालिका कन्स्ट्रक्सन र बलेवादेखि मालढुङ्गासम्मको १० किलोमिटर खड्का/कृष्ण/बिएन जेबीले जिम्मा लिएर काम गरिरहेका छन्। हालसम्म पहिलो खण्डमा मात्रै कालोपत्र भएको कालीगण्डकी करिडोर आयोजना कार्यालयका सूचना अधिकारी अरुण खत्रीले जानकारी दिए।

दोस्रो खण्डमा सडक फराकिलो बनाउने, नाली निर्माण गर्ने र ‘रक कटिङ’को काम भइरहेको उनको भनाइ छ। अब पहिलो खण्डमा १४ र दोस्रो खण्डको १० किलोमिटर गरी २४ किलोमिटर सडक कालोपत्र गर्न बाँकी रहेको खत्रीले बताए। उनका अनुसार पालुङखोलादेखि बलेवासम्म ५० प्रतिशत र बलेवादेखि मालढुङ्गासम्म ७० प्रतिशत काम सम्पन्न भएको छ।

“चिसो मौसम सकिन थालेको छ, अब कालोपत्र गर्नका लागि धेरै ठाउँमा तयारी गरिएको छ, केही समयमै बाँकी ठाउँमा कालोपत्र हुन्छ”, सूचना अधिकारी खत्रीले भने-“अहिले बागलुङ खण्डको प्रगति हेर्ने हो भने ७७/७८ प्रतिशत काम सकिएको छ, दोस्रो खण्डमा कालोपत्रका लागि सुरु भएको छैन, तर अरू काम धमाधम भएको छ।”

त्रिदेशीय सडकका रुपमा रहेको करिडोर आयोजना १४ वर्ष अगाडि सुरु भएको थियो। आर्थिक वर्ष २०६७/६८ देखि सुरु भएको आयोजनाले जिल्लाको जैमिनी नगरपालिका र बागलुङ नगरपालिकालाई जोडेको छ। जैमिनीमा १९ दशमलव पाँच किलोमिटर र बागलुङ नगरपालिकामा १४ दशमलव पाँच किलोमिटर पर्छ।

नवलपुरको गैंडाकोटदेखि कोराला नाकासम्म ४९५ किलोमिटर रहेको करिडोर बागलुङको मालढुङ्गा २४० किलोमिटर लामो रहेको छ। यसले मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वतसहितका जिल्लाबाट बुटवल, भैरहवा र भारतसम्म पुग्ने यात्रासमेत छोट्याइदिएको छ।

करिडोर कालोपत्र हुन थालेपछि बागलुङबाट बुटवल, भैरहवालगायत ठाउँमा पुग्ने यात्रा छोटिएको स्थानीय सुनिल थापाले बताए। कच्चीमा फाटफुट सवारी साधन चले पनि अहिले मुक्तिनाथ जाने भारतीय तीर्थयात्रुले बढी यात्रा गर्न थालेको उनको भनाइ छ।

उनले भने-“करिडोरले बागलुङलाई तराईसँग सिधा जोड्यो, पहिले बुटवल जाँदा पोखरा हुँदै घुमाउरो बाटो जानुपर्थ्यो अहिले सिधैँ यहीँबाट बुटवल जान सकिन्छ, पहिला बुटवल पुग्न झण्डै नौ घण्टा लाग्थ्यो, अहिले पाँच घण्टा नहुँदै पुगिन्छ, यसले बागलुङवासीलाई ठूलो सुविधा दियो, सबै सडक कालोपत्र भयो भने अझै यात्रा सहज र छोटो हुनेछ।”

# ५०० यात्रु सवार रेल अपहरणमा



बुटवल। पाकिस्तानको बलुचिस्तान प्रान्तस्थित बोलान नजिकै क्वेटाबाट पेशावर जाँदै गरेको जाफर एक्सप्रेस रेललाई गोलीबारी गरेर अपहरण गरिएको छ। बलुच लिबरेशन आर्मी (बीएलए) ले रेल अपहरण गरी १२० यात्रुलाई बन्धक बनाएको दाबी गरेको छ। आक्रमणमा ६ सैनिकको मृत्यु भएको बलुचिस्तान सरकारका प्रवक्ता शाहिद रिन्दले पुष्टि गरेका छन्।

बलुचिस्तान अलग देश हुनुपर्ने माग गरेर सेनाविरुद्ध संघर्ष गरिरहेको बीएलएले आफ्नो समूहमाथि सैन्य कारबाही भए सबै बन्धकलाई मार्ने चेतावनी दिएको छ। एक सरकारी अधिकारीका अनुसार, ९ कोच भएको यो रेलमा करिब ५०० यात्रु सवार थिए।

सुरुङ नम्बर ८ नजिकै हतियारधारी बीएलएले लडाकुले रेल रोकेका थिए। बीएलएले रेलवे ट्र्याक विस्फोट गराएर यो घटना गराएको बताएको छ। बन्धक बनाइएकाहरूमा सेना, प्रहरी र गुप्तचर एजेन्सीका कर्मचारी पनि रहेको दाबी गरिएको छ। तर महिला र बालबालिकालाई छोडिएको उल्लेख छ।

बलुचिस्तान सरकारले आपतकाल घोषणा गरेको छ। क्वेटा र बलुचिस्तानका सरकारी अस्पतालहरूमा आपतकालीन अवस्था लागू गरिएको छ। सम्भावित खतरालाई ध्यानमा राखेर डाक्टर र स्वास्थ्यकर्मीलाई तयारीमा राखिएको छ। रेलवे विभागले उद्धारका लागि थप रेल पठाएको भनेको छ। तर पहाडी क्षेत्र भएकाले सुरक्षा बललाई घटनास्थल पुग्न कठिनाइ भइरहेको छ।

संघ सरकारका गृहमन्त्री मोहसिन नक्वीले घटनाको निन्दा गर्दै आक्रमणकारीहरूलाई कुनै छुट नदिने चेतावनी दिएका छन्।

सिन्धका गृहमन्त्री जियाउल हसन लन्जरले पनि कारबाही गर्नुपर्ने कुरामा साथ दिएका छन्। हालसम्म बन्धक छुटाउन ठोस योजना सार्वजनिक भएको छैन। तर उद्धार कार्य र अनुसन्धान जारी छ।

**भैरहवा...**

गत आर्थिक वर्षको तुलनामा सिमेन्टको भारतमा निकासी कम भएको छ। भारत सिमेन्ट निर्यातका लागी बिआईए (ब्युरो अफ इण्डियन स्टयाण्डर्स)बाट गुणस्तर प्रमाणपत्र अनिवार्य रहेकोमा सिमेन्ट निर्यात गर्दे आएका केही सिमेन्ट उद्योगहरुको बिआइए नविकरण भारतको सम्बन्धित निकायले समयमै नगर्दा निर्यात रोकिएको थियो। भैरहवा नाका हुँदै सेन्थेटिक यार्न ७ महिनामा १ अर्ब ९५ करोड ७ लाख ७९ हजार रुपैयाँको निकासी भएको भन्सार कार्यालयले जनाएको छ। त्यसै गरी सिमेन्ट ६७ करोड ६३ लाख ५६ हजार रुपैयाँको निर्यात भएको छ।

विगतका वर्षमा भन्दा चालु आर्थिक वर्षमा यो नाका हुँदै विभिन्न वनस्पति उत्पादन, पीना, अदुवा, सुठोलगायत जडीबुटीको निर्यात पनि बढ्दै गएको छ। भन्सार कार्यालयका अनुसार गत साउनदेखि माघ मसान्तसम्म पीना ५२ करोड ६ लाख ९९ हजार रुपैयाँको निर्यात भएको छ। यसैगरी ५१ करोड ६८ लाख ७६ हजार रुपैयाँ बराबरको खयर कत्था पनि भारत निर्यात भएको छ।

यो नाका हुँदै तयारी चाउचाउ, पास्ता तथा चोकर भुससमेत निकासी भइरहेको छ। ७ महिनामा चाउचाउ र पास्ता ३५ करोड ३७ लाखको निकासी हुँदा चोकर निकासी पनि बढेको छ। बेलहिया नाकाबाट रोजिन टर्पेन्टाइन, पिभिसी फिटिङ पाइप पनि भारत निकासी हुँदै आएको छ।

**समाजवादी...**

सोही दिन दिउँसो ३ बजे पत्रकार सम्मेलनमार्फत् जनतालाई अपिल गर्ने कार्यक्रम राखिएको उनले बताए।

समाजवादी मोर्चामा सहभागी दलहरूले राजतन्त्रका पक्षमा भइरहेका गतिविधिलाई आपत्तिजनक ठहर गर्दै सशक्त प्रतिवाद गर्न अपिल गरेको छ।

मंगलबार बसेको मोर्चाको बैठकले यस्ता गतिविधि स्वीकार गर्न नसकिने निष्कर्ष निकाल्दै सशक्त प्रतिवादका लागि अपिल गरेको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा ‘प्रकाण्ड’ ले जानकारी दिए।

‘समाजवादी मोर्चाको निम्ति यो सैह्य छैन। नेपालका कम्युनिस्ट र वामपन्थीका लागि यो सैह्य छैन,’ प्रकाण्डले भने-‘प्रतिक्रान्तिकारी हर्कत भनेको देश र जनताको लागि दुर्दशाको हर्कत हो। यसलाई सशक्त रुपमा प्रतिवाद गर्नका लागि अपिल गर्नुपर्छ।’

त्यस्तै, पछिल्ला दिनमा भइरहेका गतिविधिबारे आजको बैठकमा गम्भीर छलफल भएको उनले बताए।

**संसद...**

थापाले मुलुकको परिवर्तनविरुद्धको आक्रमण कुनै पनि हालतमा स्वीकार्य नभएको भन्दै संविधान विपरीत हुने कुनै पनि षडयन्त्रविरुद्ध सबै दल एक भएर अघि बढ्नुपर्ने बताएका हुन्। विभिन्न कारणले जनता आक्रोशित भएको भन्दै उनले एकताबद्ध भएर समस्याको समाधान खोज्नुपर्नेमा जोड दिए। संविधान र लोकतन्त्रप्रति माओवादी अध्यक्ष प्रचण्डले राखेको प्रतिवद्धता सकारात्मक भएको भन्दै उहाले संविधान र व्यवस्थाको रक्षाको लागि कांग्रेस दृढताका साथ उभिएको धारणा राखे।

**जनताले सदनमा नपस्ने व्यवस्था गर्नसक्ने : प्रधान**

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ध्रुवबहादुर प्रधानले संसद बैठक ‘राजाको नाम’ले तरंगित हुनु खुशीको कुरा भएको बताएका छन्।

सांसद प्रधानले प्रचण्डले गैरजिम्मेवारपूर्ण कुराहरू राखेको भन्दै आपत्ति जनाए। भविष्यमा जनताले सदनमा नपस्ने व्यवस्था गर्नसक्ने कुराको हेक्का राख्न चेतावनी समेत दिए।

उनले संविधानमा व्यवस्था परिवर्तन नहुने भन्नेकुरा नरहेको उल्लेख गर्दै अहिलेको वर्तमान व्यवस्थाले देशको संरक्षण गर्न नसक्ने जिकिर गरे।

उनले आफूहरुले राम्रोसँग संविधान अध्ययन गरेको पनि बताए। उनले राजसंस्थाको उपस्थिति नभएसम्म लम्पसारवादी व्यवहार जारी रहने बताए। राप्रपाकी सांसद रोशन कार्कीले फागुन २५ गते पूर्वराजा ज्ञानेन्द्र शाहको पक्षमा निकालिएको र्‍याली ‘ट्रायल’मात्रै भएको बताउँदै ७३ जिल्लाका मान्छे थपिए भने लुक्ने ठाउँ खोजेर बस्न नेताहरुलाई चेतावनी दिइन्।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ६२ बिघा जग्गा भूमाफियाको कब्जामा



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको कावासोती ४ हसौरामा रहेको ६ सय घरपरिवारले अझैं जग्गाधनि लालपूर्जा पाउन सकेका छैनन् । बस्ती बस्दादेखि जोतभोग गर्दै आएका यहाँका ६ सय घर धुरी परिवारको जग्गाको लालपूर्जा भूमाफियाको नाममा रहेको छ ।

यहाँ रहेका ६ सय घरधुरी बासिन्दाको करिब ६२ विगाहा जग्गाको जग्गाधनी लालपूर्जा भूमाफियाको नाममा रहेको कावासोती ४ का वडाध्यक्ष नारायण लोहनीले बताए । उनका अनुसार यहाँ कहिलै बसोबास नभएको र आफ्नो जग्गा कहाँ पर्छ र कुन हो भन्ने थाहासम्म नभएका व्यक्तिहरुको नाममा जग्गाधनी लालपूर्जा रहेको छ ।

कावासोती ४ का लोकबहादुर आले यहाँ बस्दै आएको २० वर्षभन्दा बढी भयो । तर उनको नाममा अझैं जग्गाधनी लालपूर्जा आफ्नो नाममा पाउन सकेका छैनन् । उनले जग्गाधनि लालपूर्जा झिक्न विभिन्न कानुनी प्रक्रिया गरेर अगाडि बढ्दा अर्कैको नाममा लालपूर्जा भएको थाहा पाएको बताए । उनी लगायत उनी बसेको १५ घरधुरिका बासिन्दाको जग्गाको जग्गाधनी लालपूर्जा बुटवल घरभई युकेमा बस्दै आएका पर्साबहादुर आलेको नाममा रहेको पाइएको उनले बताए । उनले पटक-पटक आफूहरुले आफ्नो नाममा जग्गाधनी लालपूर्जा प्राप्त गर्नका लागि संघर्ष गर्दा यहाँका नेता तथा सांसदहरुले कुनै चासो नदिएको समेत गुनासो गरे ।

कावासोती ४ हसौरा निवासी गणेश पोखेलले आफूले वर्षौंदेखि जोतभोग गर्दै आएको भए पनि अहिले उनको जग्गा पनि अर्कैको नाममा रहेको छ । उनीलगायत यहाँका १५/२० घरका बासिन्दा बसोबास गर्दै आएको जग्गा यदुनाथ पराजुली (मृतक) को नाममा रहेको उनले बताए । निर्वाचनको बेला नेताहरुले जग्गाधनी लालपूर्जा दिन्छु भनेर सधैं आश्वासन दिने गरेको, तर कुनै सहयोग नगरेको समेत गुनासो गरे ।

यहाँका बासिन्दा कोही यहाँ बस्ती बस्दादेखि नै खनजोत गर्दै आएका बासिन्दा छन् भने कोही ऐलेनी जग्गा हुँदा खनजोत गर्दै बस्दै आएकासँग जग्गा किनेर बसेका छन् ।

यहाँको ६२ बिघा जग्गा क्यूप्रसाद बस्याल (प्रगतिनगर), ठाकुर शर्मा (कावासोती), पर्साबहादुर आले (युके), चुनबहादुर तामाङ (नुवाकोट), डिलाराम सापकोटा (चितवन), काशीराम सापकोटा (मृतक), यज्ञमूर्ति पाठक (मृतक) रुपन्देही, तोयानारायण पन्त (गुल्मी), गजाधर सापकोटा (गुल्मी) लगायतको नाममा रहेको छ ।

उनीहरुले साविक नवलपरासी जिल्ला हुँदा मालपोत कार्यालय परासीका तत्कालिन कर्मचारीहरुसँग मिलेमतो गरी फिल्डमा समेत नआइ जग्गाधनी लालपूर्जा लिएको पाइएको कावासोती ४ का वडाध्यक्ष नारायण लोहनीले बताए ।

स्थानीयले जग्गा फिर्ताको कानुनी प्रक्रिया अगाडि बढाइरहेको बेला क्यूप्रसाद बस्याललगायतका भूमाफियाहरुको टोलीले सर्वोच्चमा मुद्दा हालेर पीडक पक्षले मुद्दा जितेपछि कानुनी प्रक्रिया अगाडि बढाउने बाटो पनि बन्द भएको वडाध्यक्ष लोहनीले बताए । यो जग्गापछि २०६३ सालमा मालपोत कार्यालय कावासोतीले भूमाफियाको नामको जग्गाधनी लालपूर्जा बदर गर्ने निर्णय गरेकोमा उक्त निर्णयलाई सर्वोच्चले उल्टाएको थियो ।

वर्षौंदेखि यहाँ बसोबास गर्दै आएका बासिन्दाले जग्गाधनी लालपूर्जा नपाउने र बाहिर बस्दै आएका व्यक्तिको नाममा जग्गाधनी लालपूर्जा भएपछि यहाँका बासिन्दाको उठिबास नै भएको छ ।

यता कावासोती नगरपालिकाका नगरप्रमुख विष्णुप्रसाद भुसालले कावासोती नगरपालिकाले जसको जोतभोग छ, उसको नाममा जग्गा ल्याउन पहल थालेको भए पनि सर्वोच्चको फैलासाका कारण काम अगाडि बढाउन नसकिएको बताए ।

त्यसैगरी तत्कालिन मालपोत कार्यालय कावासोतीका प्रमुख एवम् हालका नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले सर्वोच्चका फैसालापछि स्थानीय थप पीडित भएको बताए । उनका अनुसार स्थानीय पीडितले अहिले यही विषयलाई अख्तियारमा मुद्दा हालेको र अख्तियारले स्थानीयको पक्षमा फैसाला गरे मात्र भूमाफियाको हातबाट जग्गा स्थानीयको हातमा दिन सकिने बताए ।

सैनामैना गोल्डकपको फाइनल आज :

# कपिलवस्तु ११ र अभिषेक चर्च भिड्दै




बुटवल । रुपन्देहीको सैनामैनामा जारी प्रथम सुनगाभा सैनामैना गोल्डकपको फाइनल खेल आज दिउँसो हुँदैछ ।

सैनामैना रंगशाला मुर्गियामा हुने फाइनलमा कपिलवस्तु ११ र अभिषेक चर्च रजहरबिच उपाधिका लागि भिडन्त हुनेछ ।

कपिलवस्तु ११ ले ५ जना र अभिषेक चर्चले ४ जना विदेशी खेलाडीलाई मैदानमा उतार्दैछन् ।

मुर्गिया फुटबल क्लबको आयोजना तथा सैनामैना नगरपालिका, रुपन्देहीको संरक्षकत्वमा जारी प्रतियोगिताको विजेताले उपाधिसहित नगद ७ लाख हात पार्नेछ भने उपविजेताले ४ लाख प्राप्त गर्नेछ ।

सुनगाभा पब्लिक स्कुल, सैनामैना मुख्य प्रायोजक रहेको प्रतियोगिताको सेमिफाइनलमा पराजित हुने दुई टोलीहरुलाई पनि ४०-४० हजार नगद पुरस्कारको व्यवस्था गरिएको आयोजक क्लबका अध्यक्ष प्रबिन भारीले बताए ।

विजेता टिम र खेलाडीलाई पूर्व प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको आयोजकले जनाएका छन् ।

पीएम कप क्रिकेटः

# मधेश र गण्डकी प्रदेशको जित



भैरहवा । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा मधेश र गण्डकी प्रदेशले जित निकालेका छन् । तीन ब्याटरको अर्धशतकमा मधेशले कोशी प्रदेशमाथि रवाफिलो जित निकाल्यो । मंगलबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा मधेशले कोशी प्रदेशमाथि १ सय ६५ रनको जित निकाल्दै प्रतियोगितामा सानदार सुरुवात गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको मधेशले ५० ओभरमा तीन ब्याटरको अर्धशतकको मद्दतमा ६ विकेटको क्षतिमा २ सय ८४ रनको बलियो योगफल खडा गर्यो । मधेशका लागि पवन सर्राफले ८५ बल खेलेर ९२ रन जोडे । यसक्रममा उनले ११ चौका र २ छक्का प्रहार गरे । यस्तै, ओपनर तथा कप्तान अनिलकुमार साहले ७५ रन बनाए । ७५ बलको सामना गरेका उनले १० चौका प्रहार गरे । दिपेश दासले नटआउट ५६ रन बनाए । उनले ६० बलमा ७ चौका र १ छक्का प्रहार गरे । बलिङमा कोशीका विपिन महतो र प्रकाश कार्कीले समान २-२ विकेट लिए ।

२ सय ८५ रनको लक्ष्य पछ्याएको कोशी ३३ ओभरमा १ सय १९ रन बनाउँदा अलआउट भयो । कोशीका लागि शकिब हकले २५ रन बनाए । कोशीका ओपनरद्वय चिराग साह र अंकित सुवेदी दुवै डकआउट भएका थिए । बलिङमा मधेशका रुपेश सिंहले ९ ओभरमा २९ रन खर्चिएर ५ विकेट लिए । यस्तै, राजेश यादवले ३ विकेट हात पारे । पवन सर्राफ प्लेयर अफ द म्याच बने । जारी प्रतियोगितामा कोशीको यो लगातार दोस्रो हार हो भने मधेशको पहिलो जित हो ।

यता दाङको लमहीस्थित क्रिकेट मैदानमा भएको खेलमा गण्डकी प्रदेशले कर्णाली प्रदेशलाई ४ विकेटले पराजित गर्दै पहिलो जित हात पारेको छ । गण्डकीले जितका लागि पाएको जम्मा ९२ रनको सामान्य लक्ष्य २९ ओभर १ बलमा ६ विकेट गुमाउँदै ९५ रन बनाइ पूरा गरी जित हात पार्यो । सहज लक्ष्य पाए पनि गण्डकीले सुरुवात कमजोर रह्यो । २१ रन जोड्दा ४ विकेट गुमायो । पहिलो क्रमका ३ खेलाडी समिर कँडेल बिना कुनै रन आउट भए । अर्जुन कुमाल र वंश क्षेत्री पनि समान ६ रन जोडेर प्याभेलियन फर्किए । लगतै सुबाश भण्डारी पनि ४ रनमा आउट भए । यसपछि दीपक डुम्रेले सम्हालिँदै अविजित अर्धशतक प्रहार गर्दै टिमलाई जित दिलाए । उनले ७८ बल खेल्दै ७ चौकासहित अविजित ५० रन बनाए । सुजन गौतम अविजित २२ रनमा रहे । बलिङमा दीवान पुनले ३ र दीपेन्द्र रावतले २ विकेट लिए ।

यसअघि पहिले ब्याटिङ गरेको कर्णालीले २७ ओभर २ बलमा सम्पूर्ण विकेट गुमाउँदै मात्र ९१ रन बनायो । विपिन शाहीले सर्वाधिक २० रन बनाए ।

अर्जुन घर्तीले १७, विपिन रावतले १५ र हिमांशु शाहीले १२ रन बनाए । यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन छुन सकेनन् । बलिङमा गण्डकीका चन्द्र पौडेल, सुबाश भण्डारी र विपिन खत्रीले समान २-२ विकेट लिए । खेलमा दीपक डुम्रे प्लेयर अफ द म्याच भए ।

# बाग्लुङको बरेङमा बुटवल हस्पिटलको स्वास्थ्य शिविर

बुटवल । सरकारबाट एक सय बेड सञ्चालन अनुमती पाएको बुटवल हस्पिटल प्रालिले बाग्लुङको बरेङमा पुगेर बृहत् स्वास्थ्य शिविर सम्पन्न गरेको छ । अस्पतालका विशेषज्ञ चिकित्सकहरुको सहभागितामा भएको शिविरमा ६ सयभन्दा बढी बिरामीले स्वास्थ्य सेवा लिएका छन् । बरेङ गाउँपालिका वडा नं. ३ बाटाकाचौर नयाँबजार स्वास्थचौकीमा भएको निःशुल्क स्वास्थ शिविरबाट सेवाग्राहीहरुले विशेषज्ञ चिकित्सकहरुसँगै ल्याव तथा औषधि समेत पाएका छन् ।

शिविरको बरेङ गाउँपालिका वडा नं. ३ बाटाकाचौर, धनमुडा चौर समाज बुटवलको आयोजना तथा बुटवल हस्पिटल प्रालि बुटवलको प्राविधिक सहयोग रहेको थियो । शिविर उद्घाटन गर्दै बरेङ गाउँपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले गाउँ घरामा रोग लुकाएर बसेका बिरामीहरुले यस्ता शिविरबाट रोग पहिचान भई औषधि उपचार पाउनुका साथै ज्यानै बचाउने काम हुने बताए ।

सो अवसरमा धनमुडाचौर समाज बुटवलका अध्यक्ष देव थापाले आफूहरु बसाईसराइ गरी तराईमा बसे पनि आफ्नो जन्मस्थानमा निःशुल्क शिविर मात्र नभएर अन्य समाज सेवाका कार्यक्रम राख्न हरेक समयमा तयार रहेको बताए ।

शिविरमा दम, आँखाका बिरामीहरु बढी भेटिएका थिए । उनीहरुलाई औषधि तथा चश्मा निःशुल्क वितरण गरिएको थियो । बिरामीहरुले आफ्नै ठाउँमा विशेषज्ञ डाक्टरबाट सेवा लिन पाएकामा खुसी व्यक्त गरेका थिए । निःशुल्क शिविरमा बुटवल हस्पिटल प्रालिका वरिष्ठ ग्याष्ट्रोलोजिष्ट डा. पुष्पराज ढकाल, हार्डजोर्नी तथा नशा रोग विशेषज्ञद्वय डा. उत्सव रेग्मी, डा.संजिव आचार्य, वरिष्ठ जनरल फिजिसियन डा.सागर पौडेल, बालरोग विशेषज्ञ डा. प्रदिप शर्मा, डा. सुनिल सुनार, डा. दिपक ढकाल, डा. उमेश बेलवासे, डा. प्रविना कुँवर, डा. अमृत बस्याल, डा. हरिराम पन्थी र डा. प्रतिक सापकोटालगायतले ल्याव टेक्निसियन समूह तथा औषधि वितरक समूह र बाटाकाचौर स्वास्थचौकीका सम्पूर्ण स्वास्थकर्मीहरुको विशेष भूमिका रहेको थियो । विशिरको बुटवल हस्पिटल प्रालिकातर्फबाट मेडिकल कोडिनेटर राजु पौडेल र मार्केटिङ म्यानेजर सुमन तिमिल्सीनाले संयोजन गरेका थिए ।

शिविर वडा नं. ३ मा आयोजना भए पनि बरेङ गाउँपालिका भरिकै बिरामीहरुले सेवा लिएका थिए । सो अवसरमा वडा अध्यक्ष शेरबहादुर खनालले आफूले वडाको तर्फबाट गर्न लागेको शिविरलाई बृहद बनाउन बुटवल हस्पिटल प्रालिका अध्यक्ष चुन्नप्रसाद पौडेल र धनमुडा चौर समाजका अध्यक्ष देव थापाको टिमले ठूलो भूमिका खेलेको बताए ।

शिविर सञ्चालनमा सहयोग गर्ने धनमुडा चौर समाज बुटवल, बुटवल हस्पिटल प्रालि, हाम्रो स्वास्थ क्लिनिक, मल्टिस्टार, आले डेण्टललगायतका संस्थाका प्रतिनिधिहरुलाई वडा कार्यालयको तर्फबाट सम्मान गरिएको थियो ।

सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

-गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं ।
-स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं ।
-नियमित पोषिलो खानेकुरा खुवाऔं ।
-बच्चा जन्मने बित्तिकै बिगौती दुध खुवाऔं ।
-छ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
-बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
-राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

मासु व्यवसायी संघ नेपाल रूपन्देहीको
जरूरी सूचना

यस संघको २० औं स्थापना दिवस तथा चौधौं वार्षिक साधारण सभा निम्न मिति,समय र स्थानमा हुने भएकाले संघका पदाधिकारी तथा कार्यसमिति सदस्य, सल्लाहकार, सदस्य व्यवसायी र अतिथि ज्यूहरुलाई पत्रचार गरि सकिएकोमा कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधिकारिक मानेर उपस्थित भइदिनुहुन सादर निमन्त्रणा गर्दछौं ।

मिति : २०८१ चैत ५ गते मंगलबार समय विहान १०.३० बजे
स्थान : साइनो पार्टी प्यालेस बुटवल १३ झोलुंगे पुल ।
सम्पर्क : ०७१५९२००४,९८६९४३६१९५

प्रार्थी
विशाल थापा
अध्यक्ष एवं
मासु व्यवसायी संघ नेपाल रूपन्देही परिवार

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com